दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पु-याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३०१ | बुटवल | २०८२ कात्तिक २५ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday November 11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# नियमनको अभावले ४१ प्रतिशत सहकारी निष्कृय




श्रीकृष्ण सिग्देल

*स्याङ्जा*

करिब ७ दशक अगाडि नेपालमा सहकारीको सुरुवात भएको थियो। सोही अनुरुप स्याङ्जामा स्थानीय तह र प्रदेश मातहतमा रहेर ५ सय ७४ सहकारीहरु दर्ता भएका छन्। जसमा २ सय ३२ सहकारी निष्कृय अवस्थामा रहेका छन्। निष्कृय रहेका सहकारीको संख्या ४१ प्रतिशत छ।निष्कृय सहकारीको अवस्था बारे दुवै सरकारहरु बेखबरजस्तै बनेका छन्। दर्ता सजिलै गरिदिने स्थानीय तह र प्रदेशले अनुगमन र नियमनमा चासो नदिँदा सहकारीहरु निष्कृय रहेको तथ्याङ्कले देखाउँछ। सरकारले सामुहिक अनुदान दिँदा सहकारी मार्फत दिने गरेको छ। सोही लोभमा सहकारीहरु धमाधम दर्ता गर्ने र अनुदान प्राप्त गरेपछि निष्कृय बनाउने रोग पनि बढेको यो तथ्याङ्कमा देखिन्छ।

अहिलेसम्म गण्डकी प्रदेश सहकारी विभागमा स्याङ्जाबाट १ सय ३६ सहकारी दर्ता भएका छन्। त्यसैगरी जिल्लाका ११ ओटै स्थानीयतहमा ४ सय ३८ सहकारीहरु दर्ता भएको तथ्याङ्क छ। दर्ता भएका सहकारीहरु कति संचालनमा छन् कति छैनन् भन्ने पूर्ण जानकारी प्रदेश र स्थानीइतहका सहकारी शाखाहरुमा छैन। जुन सहकारीले बार्षिक प्रतिवेदन बुझायो सोही सहकारी संचालनमा छ भन्ने मात्रै थाहा पाएका निकाय सहकारीहरुको अवस्था कस्तो छ भन्ने बिषयमा बेखबर जस्तै बनेका छन्। जसले गर्दा सरकारी अनुदान पाउने सहकारी र बचत तथा ऋण कारोवार गर्ने सहकारीहरुको सदुपयोगितामा प्रश्न उठ्ने गरेको छ। सहकारीको मर्म, मूल्य, मान्यता र नीतिनियम विपरित चलेका सहकारी जुनसुकै बखत समस्याग्रस्त बन्न सक्छन्।

गण्डकी प्रदेश सहकारीमा अहिलेसम्म ६६ ओटा सहकारीले बार्षिक प्रतिवेदन बुझाएका छैनन्। वार्षिक प्रतिवेदन नबुझाउने सहकारीलाई कारवाही वा खारेजीको प्रक्रिया समेत शुरु नगरेको प्रदेश सहकारी कार्यालयको भनाई छ। त्यसैगरी स्याङ्जाका ११ ओटै पालिकाले पनि प्रतिवेदन नबुझाउने सहकारीलाई कारवाही वा खारेजीको प्रक्रिया अगाडी बढाउन सकेका छैनन्। दर्ता हुने अधिकांश सहकारीहरु कृषि र बहुउद्देश्यीय प्रयोजनका लागि रहेका छन्। बचत तथा ऋण कारोबार गर्ने भन्दा धेरै संख्यामा दर्ता भएका कृषि र बहुउद्देश्यीय सहकारीहरु नै बार्षिक प्रतिवेदन नबुझाउने सुचीमा देखिएका छन्। ११ पालिका मध्ये पुतलीबजार, वालिङ र गल्याङ नगरपालिका सबैभन्दा बढी सहकारी दर्ता भएका पालिकाहरु हुन्। निष्कृय पनि यी पालिकामै नै धेरै देखिएका छन्।

पालिकाहरुले दिएको तथ्याङ्क अनुसार पुतलीबजारमा ७४ सहकारी मध्ये ३३ सहकारीले अहिलेसम्म बार्षिक प्रतिवेदन बुझाएका छैनन्। त्यसैगरी वालिङ नगरपालिकामा १ सय १ दर्ता मध्ये ६१ सहकारी निष्कृय रहेको देखिएको छ भने गल्याङ नगरपालिकामा १ सय ६ दर्ता मध्ये ४१ सहकारीले प्रतिवेदन बुझाएका छैनन्। चापाकोट नगरपालिका ३४ सहकारी मध्ये ९, भीरकोट नगरपालिकामा १६ मध्ये १ सहकारीले प्रतिवेदन नबुझाएको तथ्याङ्क छ। भीरकोट नगरपालिकाले निस्कृय रहेका सहकारीहरुलाई खारेजीको प्रक्रिया अगाडी बढाएको छ। अर्जुनचौपारी गाउँपालिकामा १८ मध्ये ३, फेदिखोलामा २६ मध्ये ८, हरीनासमा २० मध्ये ११ र कालीगण्डकी गाउँपालिकामा १३ मध्ये २ सहकारीले प्रतिवेदन बुझाएका छैनन्। आँधीखोला र बिरुवामा भने सबै सहकारीहरुले प्रतिवेदन बुझाएको तथ्याङ्क देखाएका छन्। आँधीखोलामा २१ र बिरुवा गाउँपालिकामा ९ ओटा सहकारी संचालनमा छन्।

पछिल्लो समय बचत तथा ऋण कारोवार गर्ने केही सहकारीहरु संकटमा परेको बताइएको छ। सबैभन्दा बढी यो संकट वालिङका सहकारीहरुमा देखिएको पालिकाले जनाएको छ। ११ ओटै पालिकामध्ये वालिङ नगरपालिकामा मात्रै बचत फिर्ता नपाएको भन्दै उजुरी परेको देखिन्छ। वालिङ बाहेक अन्य पालिकामा अहिलेसम्म बचत फिर्ता पाइएन भनेर उजुरी नपरेको सहकारी शाखाले जनाएका छन्। बजारमा सहकारीले बचत फिर्ता दिएन भन्ने हल्ला सुनिएपनि सहकारी शाखामा उजुरी नपरेको वालिङ बाहेकका पालिकाहरुको भनाई छ। वालिङमा भने मेलमिलाप बहुउद्देश्यीय सहकारी र गतिशित महिला बहुउद्देश्यीय सहकारीको उजुरी परेको बताइएको छ। सहकारी शाखामा उजुरी परेपनि वालिङ नगरपालिकाले त्यस बिषयमा कुनै छलफल अगाडी बढाउन सकेको छैन। मेलमिलाप र गतिशिल महिला बहुउद्देश्यीय सहकारीले झण्डै ४ बर्षदेखी बचतकर्ताको रकम फिर्ता दिन सकेका छैनन्।

सरकारले सहकारीहरुलाई नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गरेपछि स्थानीय तह सक्रिय भएको जनाएका छन्। यो आर्थिक बर्षको पौष मसान्तभित्र प्रतिवेदन नबुझाउने सहकारीहरुलाई खारेजी प्रक्रियामा अगाडी बढाउने पालिकाहरुले जनाएका छन्। वालिङ नगरपालिकाले निष्कृय सहकारीहरु खारेजी गर्ने आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममै उल्लेख गरेको छ। यो प्रक्रिया अगाडी बढाउने गरी काम शुरु गरेको वालिङ नगरका सहकारी शाखा प्रमुख भुवानी तिवारीले जानकारी दिए।

सहकारीले बचत फिर्ता नदिदा कहाँ निवेदन दिने भन्ने अन्योल बचतकर्तामा रहेका बेला राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा लिखित निवेदन दिन अनुरोध गरिएको छ। प्राधिकरणले असोज १० गते सार्वजनिक गरेको सूचना अनुसार बचत तथा ऋण कारोवार गर्ने सहकारीहरुका बिषयमा गुनासो भएमा सिधै सम्पर्क गर्न वा लिखित निवेदन दिन पाइने व्यवस्था गरिएको जनाएको छ। प्राधिकरणले गुनासो टिपाउन वा सुनाउन निर्देशक ज्ञाननाथ ढकाललाई तोकेको समेत जनाएको छ। कुनैपनि बचत तथा ऋण कारोवार गर्ने सहकारीले बचत रकम फिर्ता नदिएमा सम्वन्धित पालिकाको सहकारी शाखामा वा सिधै प्राधिकरणमा निवेदन दिन निर्देशक ढकालले बताए।

प्राधिकरणले अहिले सहकारी समस्याकै बारेमा काम गरिरहेको बताउदै निर्देशक ढकालले सहकारी ऐन १०३ (ज) को उपदफा १ को खण्ड ३ ले उल्लेख गरे अनुसार प्रदेश र स्थानीय तहमा अधिकारी तोक्ने काम अगाडी बढाएको बताए। बचत फिर्ता नदिने सहकारीहरु अब प्राधिकरण स्थापना भएसगै फिर्ता दिन बाध्य हुने विश्वास लिइएको छ।

## दानबहादुर बने आइजीपी

बुटवल । नेपाल प्रहरीको महानिरीक्षकमा एआइजी दानबहादुर कार्की नियुक्त भएका छन्। उनी काठमाडौं उपत्यका कार्यालय, रानीपोखरीमा कार्यरत छन्।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई महानिरीक्षक नियुक्त गरेको सञ्चार, सूचना तथा प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए। प्रहरी नियमावलीमा उल्लेख रहेको ३० वर्षे सेवा अवधिका कारण वर्तमान आईजीपी चन्द्रकुवेर खापुङ २६ कात्तिक राति १२ बजेबाट अनिवार्य अवकाशमा जाँदैछन्। त्यसअघि नै सरकारले नयाँ महानिरीक्षक नियुक्त गरेको हो।

२४ भदौमा जेनजी आन्दोलन हुँदा कार्कीले उपत्यकाको कमाण्ड सम्हालेका थिए। २३ भदौमा भने उपत्यकाको कमाण्ड एआईजीविहीन थियो। उपत्यका कमाण्ड सम्हाल्नुअघि उनी प्रहरी प्रधान कार्यालयस्थित मानव स्रोत साधन विभागको प्रमुख थिए।

डीआईजी हुँदा भने उनले लुम्बिनी प्रदेशको कमाण्ड सम्हाले। एसएसपीको जिम्मेवारीमा उनले काठमाडौं जिल्ला प्रहरी परिसरको कमाण्ड सम्हाल्दा भुटानी शरणार्थी प्रकरणको मुद्दा चलेको थियो।

चुनौतीपूर्ण मानिने काठमाडौं जिल्लादेखि उपत्यकाको कमाण्ड सम्हालेका कार्कीले इमान्दार प्रहरी अधिकृतको परिचय बनाएका छन्। कुनै ठूलो आर्थिक विवादमा नमुछिएका कार्कीसँग फिल्डदेखि आईजीपी सचिवालयसम्म बसेर काम गरेको अनुभव छ।

विदेशमा विभिन्न तालिम लिइसकेका उनी नेपाल प्रहरीको केन्द्रीय प्रवक्ता समेत भएका थिए। गुल्मी पुख्यौंली घर भएका कार्की इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी समेत थिए।

## मधेशसरकारविरुद्ध रिटहरू दायर

बुटवल । मधेश प्रदेश सरकार गठनविरुद्ध सर्वोच्चमा रिटहरु दायर भएका छन्। कानुनका विद्यार्थी अर्जुन शाहले सोमबार अर्को रिट दायर गरेका हुन्। प्रदेश प्रमुखले संविधान विपरीत मुख्यमन्त्री नियुक्त गरेको भन्दै उक्त नियुक्ति बदरको माग राखेर शाहले रिट दायर गरेका हुन्।

नेपालको संविधानको धारा १३३ बमोजिम उत्प्रेषण रिट जारी गरी मधेश प्रदेश प्रमुखद्वारा गरिएको मुख्यमन्त्री नियुक्ति बदर गरी संवैधानिक प्रक्रिया अनुसार पुनः सरकार गठनको प्रक्रिया अघ बढाउन उनले माग गरेका छन्। यसअघि मधेश सरकार गठनविरुद्ध रक्कीप्रसाद साह र सुजित यादवले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। उनीहरूले मधेश प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्रीको कार्यालय र मधेश प्रदेश सभालाई विपक्षी बनाएर रिट दायर गरेका हुन्।

## लुम्बिनी प्रदेशसभा ८ मंसिरदेखि

बुटवल । लुम्बिनी प्रदेश सभाको हिउँदे (सातौं) अधिवेशन ८ मंसिरमा बस्ने भएको छ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सोमबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले हिउँदे अधिवेशन ८ मंसिर सोमबारका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए। 'प्रदेश मन्त्रिपरिषद् बैठक सम्पन्न भयो। बैठकले प्रदेशसभाको हिउँदे अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ,' प्रवक्ता पन्थीले भने-'संवैधानिक व्यवस्थाअनुसार सरकारले प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो।'

हिउँदे अधिवेशनका लागि छलफल गर्न प्रदेशसभा सचिवालयमा स्थानीय तहका कर्मचारीहरूको सेवा-सुविधासम्बन्धी संशोधन गर्न बनेको विधेयक र लुम्बिनी अध्ययन अनुसन्धान प्रशिक्षण प्रतिष्ठान विधेयक दर्ता भइसकेका छन्। त्यसैगरी, दलित अधिकार सम्बन्धी विधेयक र बडघर सम्बन्धी विधेयक दर्ता गर्ने तयारी छ।

त्यसैगरी विभिन्न समितिका प्रतिवेदनहरू र महालेखा परीक्षकको प्रतिवेदन पनि दर्ता भई हिउँदे अधिवेशनमा छलफलका लागि प्रस्तुत हुनेछन्। लुम्बिनीमा गत ३१ भदौमा वर्षे अधिवेशन अन्त्य भएको थियो।

## विदेशमा रहेकालाई भोट हाल्न दिन सुझाव

बुटवल । पूर्वप्रमुख निर्वाचन आयुक्तहरूले विदेशमा रहेका नेपालीलाई मताधिकार दिने गरी अगाडि बढ्न सुझाएका छन्।

निर्वाचन आयोगका अधिकारीहरूसँग भएको छलफलमा उनीहरूले यस्तो सुझाव दिएका हुन्।

सोमबार निर्वाचन आयोगका पूर्वप्रमुख निर्वाचन आयुक्त, पूर्वनिर्वाचन आयुक्त एवम् पूर्वसचिवहरू र निर्वाचन आयोगका पदाधिकारीहरूबीच छलफल भएको थियो।

छलफलमा निर्वाचन आयोगका पूर्वप्रमुख निर्वाचन आयुक्तद्वय सूर्यप्रसाद श्रेष्ठ र नीलकण्ठ उप्रेती, पूर्व कार्यवाहक प्रमुख निर्वाचन आयुक्त दोलखबहादुर गुरुङ र पूर्वनिर्वाचन आयुक्त डा. रामभक्त पीबी ठाकुर थिए। निर्वाचन आयोगका पूर्व सचिवहरू मधुप्रसाद रेग्मी, रविलाल पन्थ, सुरेश अधिकारी र भरतमणि सुवेदीको पनि सहभागिता रहेको थियो। जहाँ विदेशमा रहेका नेपालीलाई मताधिकार दिने विषय उठेको थियो। पूर्वप्रमुख निर्वाचन आयुक्तहरूले विदेशमा रहेका नेपालीलाई मताधिकार दिनुपर्ने बताए।

बरु २१ फागुनको चुनाव सारेर वैशाखमा निर्वाचन गर्न सकिने उल्लेख गर्दै उनीहरूले विदेशमा रहेका नेपालीलाई मताधिकार भने दिनुपर्ने बताए। विदेशमा रहेकालाई भोटिङ अधिकार दिन अनलाइन भोटिङमा जानुपर्ने पनि उनीहरूको सुझाव छ।

» *बाँकी ३ पेजमा*

## कार्यालयमा तालाबन्दी जारी, व्यवसाय खुल्ला




बुटवल । बुटवलकृषि उपज थोक सञ्चालक समितिको कार्यालयमा तालाबन्दी भएको छ। विभिन्न माग राखेर थोक बजारका व्यवसायीहरुले दुई दिनसम्म बजार नै बन्द गरेर आन्दोलन गरेपनि सोमबार साँझदेखि बजार भने खोलेका छन्।

सञ्चालक समितिको म्याद सकिनै लाग्दा टेण्डर खोलेपछि व्यवसायी आन्दोलनमा उत्रिएका थिए। उनीहरुले मंसिर १७ गते म्याद सकिन लागेको थोक बजार सञ्चालक समितिको निर्वाचनको मिति घोषणा गर्नुपर्ने, बजार स्थापना गर्दाका त्रिपक्षिय बैठकको आयोजना गर्नुपर्ने, अदालतको फैसलाको पूर्ण पाठ सार्वजनिक गर्नुपर्ने, कानुनमा व्यवस्था भएको पुनरावेदन गर्ने अधिकार सुनिश्चित गर्नुपर्ने र व्यावसायिक सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने माग गरेका छन्।

व्यवसायीहरुले विगत १५ वर्षदेखि लागत सहभागितामा समेत संलग्न भई बजार निर्माण र बजार संचालन गरिरहेका व्यावसायिलाई विस्थापित गर्ने मनसायबाट २०८१/०५/२३ गते आह्वान गरिएको टेन्डर प्रकृया पूर्वाग्राही रहेको दावी गर्दै एक वर्षदेखि विरोध जनाउँदै आएका थिए। उनीहरुलेकानुनी उपचारको प्रकृयामा गएकामा जिल्ला अदालतले मुद्दाको फैसला गरिसकेको तर औपचारिक हिसाबले फैसलाको पूर्ण पाठ आइ नसकेको अवस्थामा टेण्डर गर्नु लगत भएको दाबी गरेका छन्।

पूर्ण पाठ आइसकेपछि पनि उक्त फैसलाको उपर पुनरावेदन गर्ने अधिकार कानुनले नै स्पष्ट पारिदिएको पुर्व अध्यक्ष पन्थीले बताए। यस्तो अवस्था र सम्भावना हुदाँहुदै व्यावसायीलाई विस्थापित गर्ने र बजारलाई लथालिङ्ग बनाउने गलत मनसायबाट टेण्डर खोल्ने दुष्प्रयास गरेकाले व्यवसायी आन्दोलित हुनुपर्ने बाधात्मक परिस्थितिको श्रृजना भएको उनले बताए।

उनीहरुले वर्तमान सञ्चालक समितिसंग मात्रै वार्ता नगर्ने अडान समेत लिएका छन्। थोक बजारमा ६५ वटा सटर र १५० बढी व्यसायी आश्रित रहेका छन्।



## सम्पादकीय

# उत्साहजनक लगानी

पश्चिम नेपालको प्रमुख व्यापारिक केन्द्र बुटवलमा ठूलो लगानीमा पाँच तारे होटलमा लगानी भएको छ। स्थानीय व्यवसायीहरुको संलग्नतामा ३ अर्ब ५० करोड लगानीमा पाँच तारे होटल ह्यात प्यालेसको शुभारम्भले बुटवलको होटल व्यवसायमा नयाँ संभावना को ढोका खोलेको छ।

बुटवलले औद्योगिक र व्यापारिक शहरको पहिचान बनाएको छ। बुटवलको पूरानो परिचय व्यापारिक शहरबाट सुरु हुन्छ। कुनै बेलाको व्यापारिक केन्द्र बुटवलले  औद्योगिक शहरको पहिचान बनायो। त्यसपछि शैक्षिक हब हुँदै अहिले पर्यटन क्षेत्रमा धेरे संभावनाको ढोको खोलेको छ। तराई र पहाडको ट्राञ्जिट विन्दु बुटवलमा पर्यटन उद्योगको राम्रो संभावना छ। यो पूर्व पश्चिम महेन्द्र राजमार्ग र उत्तर–दक्षिण सिद्धार्थ राजमार्गको मिलनविन्दु भएकाले पनि पर्यटन उद्योगको राम्रो संभावना छ। भारतीय सीमावर्ती शहर गोरखपुर लगायतबाट यहाँ घुमफिर गर्न आउने बढेका र यहाँ अरु पर्यटकीय पूर्वाधार बनेकाले स्तरीय होटलको अभाव अब महशुस गर्न पर्दैन। केही वर्ष अघिसम्म बुटवलमा स्तरीय होटलको अभाव छ भनिन्थ्यो। अहिले विभिन्न सुविधा सहितका होटल खुलेका छन्। पाँच तारे होटलले अब स्तरीय होटलको रिक्ततालाई पूर्ति गरेको छ। आन्तरिक र बाह्य पर्यटकलाई अन्तर्राष्ट्रियस्तरको आतिथ्य सेवा दिने उद्देश्यले बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अगाडि २५ कट्ठा क्षेत्रफलमा बनेको १० तले भवनमा १ सय ९ कोठासहित ह्यात प्यालेस सञ्चालनमा आएको छ

।बोधीवृक्षको पातको आकृति होटलका धेरै संरचनामा राखिएको छ। डेढ सय क्षमताको अल डे डाइनिङ रेस्टुरेन्टमा मायादेवी मन्दिरको ईँटाको बनावट झल्किने डिजाइनले स्थानीय पन र मौलिकता झल्काउन खोजिएको छ। होटल लबीको डिजाइन शक्ति र स्थिरताका आधार मानिने चार विशेष वास्तुकला स्तम्भले निकै भव्य बनाएको छ। जसमा बुद्ध दर्शनका चार आर्य सत्य दुख छ, दुखको कारण छ, दुखको निरोध सम्भव छ र दुख निरोधको मार्ग छ भन्ने झल्काइएको छ।

स्थानीय व्यवसायीले होटलमा ठूलो लगानी गरेर बुटवलको पर्यटन उद्योगमा केही नयाँ गर्न खोज्नु प्रशंसनीय छ। मुलुक आर्थिक मन्दी र समाजमा अराजकताको आगो बलेको बेला होटल शुभारम्भ गर्ने व्यवसायीको जमर्कोलेसबै नकरात्मक प्रवृतिलाई चिरेर अघि बढ्नुपर्छ भन्ने उच्च मनोबल छ भन्ने प्रष्ट भएको छ।

स्थानीय रूपमा उदाएका यी व्यवसायीको लगाव, मिहिनेत र आँटले अरू व्यवसायीलाई पनि पूँजी लगानी र विस्तार गर्न बल पुगेको छ। छिमेकी भारत उत्तर प्रदेशमा करिब २४ करोड जनसंख्यामध्ये केही प्रतिशतलाई बुटवल ल्याउन सके धेरै गर्न सकिन्छ भन्ने व्यवसायीको उत्साह र योजना आशा लाग्दो छ।

सिद्धबाबा सुरूङमार्ग निर्माण छिटो सक्नुपर्छ। गौतम बुद्ध विमानस्थलको सञ्चालन पूर्ण रूपमा गर्न सक्दा मात्रै यहाँको पर्यटन उद्योगले गति लिन्छ। यहाँको अर्थतन्त्रलाई चलायमान बनाउने यस्ता कामप्रति तहगत सरकारको समन्वयकारी सहकार्य हुन आवश्यक छ।

होटलको मुख्य विशेषता अहिलेको व्यस्त जीवनशैली र एकैपटक धेरै काम गर्नुपर्ने पाहुनाका लागि आरामदायी बसाइसँगै दैनिक जीवनका सबै सुविधा सहज र नवीन रूपमा प्रदान गर्नु रहेको उनले बताए।

# गाउँ समाज परिवर्तनका लागि आजका युवाले बोक्नुपर्ने जिम्मेवारी



गणेश ओली

युवाहरुको नेतृत्वमा राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक र प्राविधिक रुपान्तरण गर्न सकेमा निःसन्देह समृद्ध र समतामूलक समाजको निर्माण हुने निश्चित छ। सबै तहका सरकारलाई यसका लागि आवश्यक नीति निर्माण तथा बजेट बिनियोजन गर्नु दबाबमूलक कार्यक्रम गर्ने र आफूले पनि योगदान गर्नु पर्दछ।

समाज व्यक्ति र राष्ट्र निर्माण गर्ने थलो हो। यो यस्तो भूमि हो, जहाँबाट सकारात्मक र नकारात्मक उर्जा उत्पादन भइरहेको हुन्छ। समाजमा सकारात्मक उर्जा हावी हुँदा त्यस देश र त्यहाँका नागरिक सम्मुन्नत हुन्छन् भने नकारात्मक उर्जा प्रवाह हुँदा राष्ट्र नै कमजोर बन्न जान्छ। त्यसकारण देश बनाउनु छ भने पहिला समाज बनाउनुपर्छ।

व्यक्तिका व्यक्तिगत आचारण, व्यवहार, सोचाइ व्यक्तिले आफैँ बोकेर लिएको हुँदैन ऊ बसे, हुर्केको वातावरण, समाज, रीतिथिति, परम्परा, संस्कार र संस्कृतिको प्रभाव पनि रहन्छ। त्यसकारण सभ्य नागरिक र राष्ट्र निर्माणका लागि सभ्य समाज निर्माण गर्नुपर्छ। समाज राम्रो वा नराम्रो हुँदा तपाईं, तपाईंको परिवार अनि तपाईंको सन्तान कस्तो हुने भन्ने कुरा निर्भर रहन्छ, किनकि हामी समाजका उत्पादन हौँ। तसर्थ देशको चिन्ता गर्ने आजका युवाले पहिला आफू बसेको गाउँसमाज सुधारका साथै यसको नेतृत्व लिन जरुरी छ। नेपालका आजका युवा यस्तो ठाउँमा छन्, उनीहरुले आज व्यक्तिगत, सामाजिक र सिङ्गो देशको भारी बोक्नुपर्ने अवस्था छ। यो उनीहरुका लागि चुनौती र अवसर दुवै हो। उसो त सबैले सबै काम गर्न सम्भव छैन, तर आफ्नो क्षमता, कला र समयले भ्याएसम्म आ-आफ्नो क्षेत्रमा केही न केही गरेर देखाउन जरुरी भने छ। आजको दिन युवाहरु राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक परिवर्तनका लागि सकारात्मक भूमिका निर्वाह गर्दै अगाडि बढ्न आवश्यक देखिएको छ।

समाज परिवर्तनका लागि पहिलो काम हो, चेतना फैलाउने। समाजमा विभिन्न प्रकारका विकृति विसंगति, भेदभाव, अन्याय, अत्याचार, शोषण दमन रहेका छन्। समाजमा विद्यमान कुरीतिहरु : जस्तै, वर्गीय,  जातीय, क्षेत्रिय, लैङ्गिक,  छाउपडी, घरेलु हिंसा रहेका छन्। यस्ता विषयलाई समुदाय तहको वहसमा ल्याउने र त्यसको विरुद्धमा बुलन्द आवाज उठाइ परिवर्तनको नेतृत्व पनि युवाले नै लिनु पर्दछ।

यसैगरी समाजसेवाको नेतृत्व पनि गर्न सकिन्छ। आज न्यून आय वा आय वञ्चितहरूलाई राज्य, संघसंस्था वा व्यक्तिबाट समाजिक सुरक्षाको अवश्यक छ। ज्येष्ठ नागरिक, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, शारीरिक वा मानसिक रूपले श्रम गर्न अशक्त भएका, बाँच्नका लागि कठिन जीवनयापन गरिरहेका व्यक्तिहरूको लागि राज्यले केहि गरे पनि स्थानीय तह वा समुदायस्तर वा व्यक्तिगत स्तरबाट केही गर्न सकिन्छ कि भनेर पहल गर्दा असाध्यै राम्रो हुन्छ।

मठ मन्दिर तथा सांस्कृतिक सम्पदाको संरक्षण वा रकम दान गर्ने, वृद्धाआश्रम निर्माण वा वृद्ध नागरिकलाई सेवा गर्ने, विद्यालय भवन निर्माण तथा पुस्तकालय, अध्ययनरत विद्यार्थीलाई पुस्तक तथा कम्प्युटर प्रदान गर्ने, स्वास्थ्य शिविर सञ्चालन तथा नागरिक अस्पताल निर्माण, प्राकृतिक प्रकोपमा परेका नागरिकलाई आर्थिक राहत दिने, रक्तदान गर्ने जस्ता परोपकारी कार्य पनि सामाजिक उत्तरदायित्व हो।

यसैगरी गाउँसमाजमा हुने सानातिना विकासको काम स्थानीयले नै श्रमदान वा आर्थिक संकलन गरेर गर्न सकिन्छ। जस्तै : गाउँसम्म पुग्ने साना तथा छोटा बाटोघाटो निर्माण, पुलपुलेसा, कुलोपानी आदि। अहिले सानासाना विकासको लागि पनि सरकारको मुख ताक्ने बानी छ। स्थानीय आफैँले नगरे पनि कतिपय काम सरकार र स्थानीयको साझेदारीमा गर्न सकिन्छ।  आफ्नो समुदायमा कस्तो विकास गर्ने भन्ने निर्णय गर्नेदेखि, निर्णयअनुसार योजना बनाउने, त्यसको कार्यान्वयन गर्ने, कार्यान्वयन प्रक्रियाको अनुगमन तथा मूल्याङ्कन गर्ने र विकासको प्रतिफलको उपभोगमा समेत सम्बन्धित नागरिकहरुको सहभागिता हुनुपर्छ। वर्तमान अवस्थामा युवाले समुदाय विकासमा स्थानीय सरकारसँगको साझेदारीमा विकासका कार्यक्रमहरु सञ्चालन गर्न सक्ने प्रावधान राखिएको छ।

समाजमा सञ्चालन हुने सानातिना विकास निर्माणका कामदेखि पालिका तहमा कार्यक्रम बनाउन, नीति निर्माणका लागि सरकारलाई दबाब दिने काममासमेत युवाको भूमिका आवश्यक छ। पालिका तहको योजना तर्जुमा प्रक्रिया हेर्दा बस्ती एवं वडास्तरीय योजना तर्जुमाका चरणहरुमा युवाहरुको अर्थपूर्ण सहभागिता हुनैपर्ने प्रावधान राखिएका छन्। यसरी गाउँ समाजमा भइरहेका विकास निर्माण प्रक्रियामा सहभागिता जनाउनुका साथै यस्को पारदर्शिता, जवाफदेहिताको पनि ख्याल गर्नु पर्‍यो। कतिपय उपभोक्ता समितिमा बसेका युवाहरुले नै भएको बजेटमा पनि कामै नगर्ने, भ्रष्टाचार गरेको खबरहरु आइरहेका छन् अन्य युवाहरुले यसमा खबरदारी, चासो र चिन्ता व्यक्त गर्नुपर्‍यो।

पछिल्लो समय युवाहरु लागुऔषध दुर्व्यसनमा नराम्ररी फसेका छन्। समाजमा जाँड, रक्सी, जुवातास जस्ता विकृतिहरु यथावत नै छन्। जसका कारण धेरै जनधनको नोक्सान हुनुका साथै परिवारहरु विचल्लिमा परेका छन्। जाँड रक्सी खुलमखुल्ला बिक्री गर्न पाउने सरकारको गलत नीतिका कारण यसले ठूलो नोक्सानी गरेको छ। यी सबैलाई व्यवस्थापन तथा नीतिगत निर्णयका लागि विभिन्न तहका युवाहरु अग्रसर हुन जरुरी छ। यसको साटो आफ्ना गाउँटोलमा योग अभ्यासस्थल, खेलकुद मैदान, पुस्तकालय स्थापना, बालबगैंचा तथा वृद्धवृद्धाका लाग भेटघाट स्थाल, प्राथमिक उपचार केन्द्र, खुलाचउर संरक्षण, सडक बत्ती, सडक सरसफाइ, सार्वजनिक धारा तथा विश्राम स्थल बनाउनका लागि  उत्प्रेरण जगाउने काम गर्नुआवश्यक छ।

पछिल्लो समय सूचना प्राविधिक विकासले गर्दा विश्व एक गाउँ त भएको छ साथै यसले सँगसँगै विकृति पनि ल्याएर आएको छ। यसको सही सदुपयोग र यसले व्यक्ति, परिवार, समाज तथा राष्ट्रको विकास तथा प्रगति र दुर्गति निम्त्याउन सक्ने कुरालाई मध्यनजर गर्दै यसको सकारात्मक र नकारात्मक असर तथा प्रभावका लागि जानकारी, चेतना दिनुका साथै सही सदुपयोगका लागि सचेतना आवश्यक देखिन्छ। युवाहरु स्वभावैले आधुनिक प्रविधिको प्रयोग गर्न रुचाउँछन् र प्रविधिलाई विभिन्न क्षेत्रमा उपयोग गर्न चाहन्छन्। यसबाट प्राविधिक विकास भएको खण्डमा सामुदायिक विकासमा युवाको सहभागिता अझै बढी उपलब्धिमूलक हुन्छ भन्ने बुझ्न सकिन्छ।

शैक्षिक विकासमा पनि युवाहरुले महत्वपूर्ण योगदान गर्न सक्छन्। नेपालमा अझै पनि विद्यालय नजाने, विद्यालय छाड्ने संख्या यथावत छ। कतिपय बालबालिका निजी त भइहाल्यो सामुदायिक विद्यालयमा पनि आर्थिक अभावले पढ्न नसक्ने अवस्था छ। आफ्नो गाउँठाउँमा रहेका गरिब, जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई सहयोग, अनुदान, छात्रवृत्तिका लागि पहल तथा सहयोग गर्नुपर्छ।

आफ्नो गाउँठाउँमा निःशुल्क ट्युसन कक्षा सञ्चालन गरेर आफ्नो क्षमता प्रदर्शनका साथै कमजोर विद्यार्थीका लाग शैक्षिकस्तर विकास गर्न जरुरी छ। कति विद्यार्थीहरु उच्च शिक्षा कहाँ पढ्ने ? के पढ्ने ? कसरी पढ्ने ? भन्ने अन्योलमा छन्, उनीहरुका लागि जानेका युवाहरुले मार्गदर्शन गर्न जरुरी छ। सम्पूर्ण नीतिहरुको राजा (प्रमुख) नै राजनीति हो। तसर्थ राजनीतिमा चासो राख्ने युवाहरु राजनीतिमा पनि  लाग्न जरुरी छ, किनभने राष्ट्रको नेतृत्वदेखि नीति निर्माण तथा कार्यान्वयन गर्ने गराउने काम राजनीतिक अगुवाहरुको हो। तसर्थ राजनीतिमा विद्यमान गलत कृयाकलापको अन्त्यको लागि राजनीतिमै जोडिन जरुरी छ। त्यसको लागि समाजमा उसको योगदानको पनि मूल्याङ्कन हुने गर्दछ। अर्थात् ठूलो राजनीतिज्ञ बन्ने पहिलो खुड्किलो नै सामाजिक कामको नेतृत्व गर्नु हो। त्यसो त राजनीतिमा आउन झोला बोकेर पार्टीको झन्डा मात्रै बोक्नुपर्छ भन्ने छैन। विभिन्न विषयगत मन्त्रालयहरु हुन्छन्, जस्तै अर्थमन्त्रालय : यसका लागि अर्थशास्त्र जानेका युवाले आफनो विज्ञताका साथै राजनीतिमा चासो दिनु पर्‍यो, यससम्बन्धि नीतिगत व्यवस्थाहरुको बारेमा जानकार हुन पर्‍यो, त्यस्तै विज्ञान तथा सूचना प्रविधि, युवा तथा खेलकुद, वन, वातावरण, समाजिक विकास, भौतिकपूर्वाधार, उर्जा, जलश्रोत, आदिआदि यी सबै कामको लागि राजनीतिमा चासो राख्नुका साथै आफ्नो क्षेत्रमा विज्ञता हासिल पनि गर्नु पर्‍यो। पहिला पहिला त आफ्नो क्षेत्रको बारेमा ज्ञान र अनुभव प्राप्त गर्नु पर्‍यो, त्यसलाई बाँड्नु पर्‍यो, त्यसको नेतृत्व गर्नु पर्‍यो। अनि देशको पनि।

यो सबै काम गरिरहँदा महत्वपूर्ण कुरा आर्थिक व्यवस्थापन हो। एकातिर समाजसेवाका लागि आवश्यक आर्थिक व्यवस्थापन अर्कोतिर आफू र आफ्नो परिवारको लागि आर्थिक विकास अनि समय यी सबै मिलाउन व्यवस्थापनको ज्ञान जरुरी छ। व्यक्तिगत, परिवारिक, समाजिक र देशको आर्थिक समृद्धिका लागि युवाहरु उद्यम तथा रोजगारमा लाग्न जरुरी छ। अहिले देशमा उद्यममा नीतिगत, व्यवहारिक समस्याका साथै रोजगारको अवसर नहुँदा धेरै युवाहरु विदेशिन बाध्य छन्। उनीहरुकै श्रम र सीपबाट धेरै देशले धेरै विकास गरिरहेका छन्, तिनै युवाहरुको श्रम र सीपको स्वदेशमा नै सदुपयोग गर्न सके मात्र हाम्रो देशको पनि विकास हुनसक्छ।

आफ्नो गाउँठाउँमा सानै भए पनि आफू पनि श्रम र रोजगारमा लाग्ने र अन्य युवाहरुलाई पनि त्यसमा लाग्न प्रोरित गर्न जरुरी छ। बरु बेरोजगार बस्ने तर गाउँठाउँमा उपलब्ध श्रम र रोजगारीमा संलग्न हुन लाज मान्ने प्रवृत्ति हाम्रो गाउँसमाजमा विद्यमान छ। यसलाई हटाउनुका साथै स्थानीय उत्पादनमा वृद्धि, त्यसको ब्रान्डिङ, आधुनिकीकरण तथा राष्ट्रिय अनि  अन्तर्राष्ट्रिय बजारमा  पुर्‍याउन जरुरी छ। यसका लाग नीतिगत तथा कानुनी जटिलताको अन्त्य गर्न पहल गर्ने, सीपमूलक तालिम सञ्चालन, न्यून ब्याजदरमा ऋण उपलब्ध गराउन तथा अनुदानको लागि आफ्नो नजिकको स्थानीय तहलाई माग गर्न सकिन्छ। आफ्नो गाउँसमाजको स्रोतसाधनको उपलब्धता हेरेर सोहीअनुसारका उद्यम र सीप विकासमा स्थानीय तहले भूमिका खेल्न जरुरी छ। बजेट यस्तो बनोस् कि जसले नागरिकको जीवनस्तरमा कुनै न कुनै परिवर्तन ल्याओस्।

वन, वातावरण तथा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन तथा यसका असर र प्रभावका बारेमा नागरिकलाई सचेत गराउँदै जल, जमिन र सम्पूर्ण जीवजन्तु तथा वनस्पतिको संरक्षणको अभियान थालनी गर्नु अहिले विश्वपरिवेशमा महत्वपूर्ण काम हो। गाउँगाउँमा अझै पनि स्वास्थ्य, सरसफाइ, सन्तुलित आहार विहार, स्वास्थ्यकाबारेमा हेलचेक्र्याइँ छ। सामाजिक सेवा, ग्राहक हित, नैतिकता, संस्थागत सुशासन र कानुनको पालना कमजोर छ। अहिले हाम्रो समाजमा भ्रष्टाचार, बलात्कार, अनियमितता, घुसघोरी, दलाली, कालोबजारी, गरिब, किसान र मजदुरमाथिको नाङ्गो लुट, विभिन्न नाममा मान्छेले मान्छेमाथि गर्ने विभेद र युवाको व्यापक दुरूपयोगले सीमा नाघिरहेको छ।

राजनीतिक परिवर्तन धेरै पटक भए, तर  आर्थिक, सामाजिक, प्रशासनिक परिवर्तन गरी जनतामा परिवर्तनको अनुभूति दिलाउन र मुलुकमा विधिको शासन स्थापना गर्दै सुशासन कायम गर्न र यसलाई प्रभावकारी किसिमले कार्यान्वयन गर्न टड्कारो आवश्यकता देखिएको छ। जनसाधरणलाई अभाव र महँगीबाट मुक्त, वातावरणको संरक्षण, कानुनको पालना, संस्थागत सुशासनको पालना गर्ने, सर्वसाधरणलाई उनीहरूको इच्छा, आकांक्षा बुझी गुणस्तरीय सेवा छिटोछरितो रूपमा उपलब्ध गराउने कुरामा राज्य उदासिन छ।

युवाहरुको नेतृत्वमा राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक र प्राविधिक रूपान्तरण गर्न सकेमा निःशन्देह समृद्ध र समतामूलक समाजको निर्माण हुने निश्चित छ। सबै तहका सरकारलाई यसका लागि आवश्यक नीति निर्माण तथा बजेट बिनियोजन गर्नु दबाबमूलक कार्यक्रम गर्ने र आफूले पनि योगदान गर्नु पर्दछ।

युवाहरू प्रायः पारदर्शिता र उत्तरदायित्वका पक्षधर हुन्छन्। युवाको संलग्नता र युवाको आवाजले राजनीतिक र नीतिगत प्रक्रियामा पारदर्शिता बढाउन मद्दत पुर्‍याउँछ। युवाहरूले भ्रष्टाचार, अनियमितता, कुशासनका विरुद्धमा र सुशासनको पक्षमा सशक्त भूमिका खेलिरहेका छन्। यसलाई निरन्तरता दिन जरूरी छ।

# सेयर बजारमा सामान्य गिरावट



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज परिसूचक ४.१५ अङ्कले घटेको छ। साताको दोस्रो दिन सोमबार बजार परिसूचक २५६१.९४ अङ्कमा झरेको हो। बजारमा ४ अर्ब ५१ करोडको कारोबार भएको छ।

बजारमा ९१ कम्पनीको मूल्य बढेको छ। १५१ कम्पनीको मूल्य घटेको छ भने ११ कम्पनीको मूल्य स्थिर रहेको छ।

बजारमा १३ समूहका सूचकमध्ये ३ समूहको मूल्य बढ्दा १० समूहको सूचक घटेको छ। होटल तथा टुरिजम क्षेत्रमा सबैभन्दा धेरै १.६४ प्रतिशत वृद्धि भएको छ।

बजारमा ६ कम्पनीको मूल्य ९ प्रतिशतभन्दा धेरैले बढेको छ। उन्नति सहकार्य लघुवित्तको मूल्यमा नकारात्मक सर्किट लागेको छ।

बजारमा एनआरएन इन्फास्ट्रक्चरको सर्वाधिक ४८ करोडको कारोबार भयो।

# जाडोमा केरा खानु फाइदाजनक वा हानिकारक ?

जाडो मौसममा केरा खानु हुन्छ कि हुँदैन भन्नेमा प्रायः विरोधाभास हुने गर्छ। कतिपयले जाडो मौसममा केरा खानु उचित हुन्छ भन्छन् भने कतिपयको भनाइ जाडो मौसममा केरा खानु हुँदैन भन्ने छ।

जाडो मौसममा खानेकुरा, विशेष गरी फलफूलका बारेमा प्रायः प्रश्न उठ्ने गरेको चिकित्सक बताउँछन्। केरा वर्षभरि सजिलै पाइने र पौष्टिकताले भरिपूर्ण मानिने फल हो। तर जाडोमा यसलाई खाने कुरामा केही मतभिन्नता छन्।



केरा पोटासियम, म्याग्नेसियम र भिटामिन बी६ को राम्रो स्रोत हो, जसले शरीरको मेटाबोलिजम्लाई स्वस्थ राख्न मद्दत गर्छ। चिसो मौसममा जब शरीरलाई ऊर्जाको आवश्यकता बढ्छ, केरा ऊर्जाको राम्रो स्रोत साबित हुन सक्छ। साथै, यसमा पाइने फाइबरले पाचन प्रणालीलाई बलियो बनाउँछ, जुन जाडोमा सामान्यतया सुस्त हुन सक्छ।

चिकित्सा दृष्टिकोणले केरालाई चिसो फल मानिने र यसको अत्यधिक सेवनले कतिपयलाई घाँटी दुख्ने वा रुघाखोकी लाग्ने गरेको चिकित्सक बताउँछन्। यदि कसैलाई चिसोसँग सम्बन्धित एलर्जी छ भने उसले केरा खानु हुँदैन।

साथै, यदि तपाईं शारीरिक रूपमा सक्रिय हुनुहुन्छ र चिसोमा पनि व्यायाम गर्नुहुन्छ भने, केरा तपाईंको लागि लाभदायक हुन सक्छ। किनकि यसले तत्काल ऊर्जा प्रदान गर्दछ।

केरा खाने सही समय पनि महत्त्वपूर्ण छ। बिहान केरा खाँदा पाचनमा मद्दत गर्छ, तर रातिको समयमा केरा खानु हुँदैन, किनकि यसले रुघा र खोकीको सम्भावना बढाउँछ।

केरामा पोटासियमको मात्रा बढी हुने भएकाले उच्च रक्तचापको समस्या भएकाका लागि केरा लाभदायक हुने बताउँछन्। तर, मधुमेहका बिरामीले केराको सेवन सीमित मात्रामा गर्नुपर्छ, किनभने यसमा चिनीको मात्रा बढी हुन्छ। जाडोमा केरा खाने वा नखाने निर्णय व्यक्तिको शारीरिक अवस्था र आवश्यकतामा निर्भर गर्दछ। यसलाई सन्तुलित मात्रामा र सही समयमा खाएमा जाडोमा पनि स्वास्थ्यका लागि फाइदाजनक हुन्छ।

# वालिङलाई अत्याधुनिक दमकल

**प्रकाश डोटेल**

*स्याङ्जा,*

जापान सरकारले स्याङजाको वालिङ नगरपालिकालाई अत्याधुनिक उपकरण सहितको दमकल सहयोग गरेको छ। आगलागी नियन्त्रण, उद्धार र आपतकालीन सेवा सुदृढीकरणका लागि भन्दै वालिङ् सहित देशभरका १२ वटा स्थानीय तहलाई अत्याधुनिक दमकल (फायर ट्रक) हस्तान्तरण गरिएको छ।

दमकलमा पानी र रासायनिक दुबै पदार्थ प्रयोग गर्न सकिने सुविधा रहेको छ। जापान सरकारको 'ग्रान्ट असिस्टेन्स फर ग्रास रुट्स ह्युमन सेक्युरिटी प्रोजेक्ट' (जीजीपी) कार्यक्रम अर्न्तगत स्थानीय पालिकाहरुलाईसहयोग उपलब्ध गराइएको हो।

भोलिन्टियर कर्भस नेपाल र युनाइटेड मिसन टु नेपाल नामक दुई गैर-सरकारी संस्था मार्फत दमकल प्राप्त गर्न सहयोग पुगेको बताइएको छ। करिब एक करोड मूल्य बराबरको दमकल सशस्त्र प्रहरी बल नेपाल नं. १९ हेडक्वाटरबाट हस्तान्तरण गरिएको छ।

जापान सरकारको सहयोगले नेपालमा आपतकालीन सेवामा सहज पुग्ने र क्षति हुनबाट जोगाउने भोलिन्टियर कर्भस नेपालका अध्यक्ष दीपक चापागाईको भनाई छ। बाक्लो बसोबास भएका बजार क्षेत्र, ठूल्ठूला उद्योग, पेट्रोलपम्प र आवासीय क्षेत्रमा लाग्ने आगलागी नियन्त्रणमा समेत छिटो छरितो र प्रभावकारी हुने उनले बताए।

वालिङ्मा दमकलको अभाव भएकै बेला सुबिधासम्पन्न दमकल प्राप्त भएपछि नगरप्रमुख कृष्ण खाँणले जापान सरकार र परियोजना साझेदार संस्थाप्रति आभार व्यक्त गरे। 'प्राप्त दमकल केवल वालिङ नगरपालिकाभित्र मात्र सीमित रहने छैन।'उनले भने, 'आवश्यक पर्दा छिमेकी पालिका र जिल्लामा समेत परिचालन गर्नेछौं।'

सन् १९९१ देखि सञ्चालनमा आएको जापान सरकारको ग्रान्ट असिस्टेन्स फर ग्रासरुट्स ह्युमन सेक्युरिटी प्रोजेक्ट (जिजिपी) कार्यक्रमले नेपालमा हालसम्म दुई सय भन्दा बढी परियोजना कार्यान्वयन गरेका छन्। परियोजनाले विद्यालय भवन निर्माण, स्वास्थ्य सेवा विस्तार, खानेपानी प्रणालीसुधार, सडक निर्माण, र आपतकालीन सेवाको सुदृढीकरण जस्ता क्षेत्रमा सहयोग गर्दै आएको छ।

पछिल्लो तथ्याङ्क अनुसार स्याङजा जिल्लामा गएकोआर्थिक वर्षमा मात्रै ३१ वटा आगलागीको घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। आगलागीमा एक जनाको ज्यान गएको थियो भने एक करोड तिन लाख बराबरको आर्थिक क्षति भएको थियो। दमकल पाएपछि पालिकासँगै स्थानीय खुसी भएका छन्।

# सिनियर डिभिजनको निरीक्षण




बुटवल। नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा राष्ट्रिय सेवादलद्वारा संचालित सिनियर डिभिजनको निरीक्षण सोमवार सम्पन्न भएको छ।

उक्त अवशरमा राष्ट्रिय सेवादल मध्य तालिम शिक्षालय हात्तीखोर नवलपरासी (बसुपू) का शिक्षा अधिकृत, प्रमुख सेनानी दिनेश चौलागाईंले राष्ट्रिय सेवादल २०२२ मा स्थापना भएको राष्ट्रिय सेवादलको प्रशिक्षणबाट विद्यार्थीहरुमा राष्ट्रियता, नैतिकता, अनुशासन र इमानदारितामा सकारात्मक परिवर्तन ल्याउने र राज्यलाई आवश्यकता पर्दा दिइने तालिम भएको भएको बताउनु भयो कक्षा ११ र १२ मा पढ्ने उमेर भनेको मानिस सुमार्गमा लाग्नेकी कुमार्गमा लाग्ने समय भएकोले यो बेला समालिएमा घर परिवार, समाज र राष्ट्रलाई फाइदा हुने हुँदा यसको छुट्टै महत्व रहेको धारणा व्यक्त गर्नु भयो।

बुटवल उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष एवं विद्यालयका संरक्षक रामचन्द्र क्षेत्रीले राष्ट्रिय सेवादल तालिमबाट विद्यार्थीहरुमा उत्प्रेरणा प्राप्त हुने र सेवा कार्य मार्फत संघ संस्थाहरुमा नेतृत्व गर्न सक्ने र देशलाई अन्तराष्ट्रिय जगतमा चिनाउने समृद्धी ल्याउने दायित्व भएको धारणा व्यक्त गर्नु भयो।

विद्यालयका प्रधानाध्यापक प्रेम बहादुर बस्नेतले कक्षा ११ व्यवस्थापन, सिभिल इन्जिनियरिङ्ग, विज्ञान, कानुन र शिक्षा समुहका एक हजार दुई सय पचास विद्यार्थीहरुमध्येबाट विद्यार्थीले प्राप्त गरेको जिपिए, दौड, भलिवल, फुटवल, मार्शल आर्ट, र नृत्यमा भएका दक्षताका आधारमा छनौट गरिएको जानकारी गराउदै विद्यालयका असल शैक्षिक अभ्यासहरु बताउनु भएको थियो।

कार्यक्रममा राष्ट्रिय सेवादल हात्तीखोर नवलपरासीका तालिम पदिक जम शंकर खड्का, प्रशिक्षकद्वय हुद्दा शेर बहादुर कठायत, प्युठ शुशिला पुन र विद्यालयको तर्फबाट राष्ट्रिय सेवादलका समन्वय शिक्षक तथा खेलकुद प्रशिक्षक दिपक कुमार क्षेत्री लगायतको सहभागिता रहेको थियो।

# ५० प्रतिशत अनुदानमा आलुको बिउ

**प्रकाश डोटेल**

*स्याङ्जा,*

जिल्लाको उत्तरीभेगमाधान काटेर भित्र्याएपछि आलु लगाउने समय हो यो। बेमौसमी वर्षापछि मौसम खुलेर घाम लागिरहेको अवस्थामा खेतभरी आलु लगाउनेको माचो छ।

खेत जोताउन, डल्ला फुटाउने र मल थुपार्ने काम भएका छन्। धान काटेको खेतमा आलु लगाउन किसानहरु तछाड र मछाड गर्दै आलु लगाएका छन्।

खुलेको मौसम र आलु लगाउने सिजनलाई मध्येनजर गर्दै 'आलुमा आत्मनिर्भर कार्यक्रम' अर्न्तगत पुतलीबजार नगरपालिकाले ५० प्रतिशत अनुदानमा आलुको बीउ बितरण गरेको छ।

किसानको मागका आधारमा नगरपालिकाले आलुको बीउ उपलब्ध गराएको पालिकाले जनाएको छ।

आलुका बीउ नगरपालिकाका १४ वटै वडामा पुऱ्याइएको छ। पुतलीबजारलाई आलुमा आत्मनिर्भर बनाउने उद्देश्यले किसानको माग बमोजिम जनकदेव र खुमल सेतो १ जातका आलुका बीउ ल्याएर वितरण गरिएको नगरप्रमुख तुलसीराम रेग्मीले बताए। पुतलीबजारका सबै वडालाई ७१ हजार चार सय किलोग्राम आलुको बीउ बितरण गरिएको छ।

किसानले जनकदेव आलुको बीउ ६१ हजार चार सय किलो र खुमल सेतो एक १० हजार किलोग्रामको माग गरेका थिए। आलु खेतीका लागि उपयुक्त हावापानी र भुगोल भएकाले खेत तथा बारीमा आलु खेती गरेर आत्मनिर्भर बन्दै गएका छन्।

आलुको बीउ प्रतिकिलो ५८ रुपैयाँमा खरिद गरेको र ५० प्रतिशत अनुदानमा किसानले प्रतिकिलो २९ रुपैयाँमा आलुको बीउ पाएका छन्।

पुतलीबजार नगरपालिकाका अनुसारवडा नं.-१ मा जनकदेव एक हजार ४० र खुमल एक सय ६५ किलो, वडा नं.-२ मा दुई हजार १५५ जनकदेव र ५१० किलो खुमल, वडा नं.-३ मा १६ हजार किलो जनकदेव, वडा नं.-४ मा चार हजार एक सय किलो जनकदेव र एक हजार ४९९ किलो खुमल, वडा नं.-५ मा ८ हजार किलो जनकदेव, वडा नं.-६ मा दुई हजार तीन सय किलो जनकदेव र ४१७किलो खुमल आलु बीउ उपलब्ध गराइएको नगर उपप्रमुख देबी अर्यालले बताईन्।

यसैगरी, वडा नं.-७ मा ५ हजार ६५० किलो जनकदेव र दुई हजार ६२९ किलो खुमल, वडा नं.-८ मा दुई हजार ५ सय किलो जनकदेव र १६५ किलो खुमल, वडा नं.-९ मा एक हजार ६०५ किलो जनकदेव र ३६७ किलो खुमल, वडा नं.-१० मा ३६८ किलो जनकदेव र एक हजार २१ किलो खुमल, वडा नं.-११ मा चार हजार ७५० किलो जनकदेव र एक हजार २७९ किलो खुमल जातका आलुको बीउ माग अनुसार वितरण गरिएको छ।

नगरपालिकाकै वडा नं.-१२ मा जनकदेव एक हजार ८ सय किलो, खुमल १५ किलो, वडा नं.-१३ मा चार हजार ९५० किलो जनकदेव र ९५० किलो खुमल र वडा नं.-१४ मा चार हजार एक सय किलो जनकदेव र ९८३ किलोग्राम खुमल आलुको बीउ खरिद गरेर वितरण गरिएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत धर्मराज ढुंगानाले जानकारी दिए।

### विदेशमा...

छलफलमा निर्वाचन आयोगका तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने तोकिएको समयमा निर्वाचन सम्पन्न गराउन आयोग प्रतिबद्ध रहेको बताए।

साथै उनले युवा पुस्ताको आन्दोलनको माग बमोजिम सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि आधार तयार गर्ने तथा राजनीतिक दलहरूको माग बमोजिम जनप्रतिनिधिमूलक शासन कायम गर्ने उपाय नै स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन भएको धारणा राखे।

नेपालको संविधान र मौजुदा कानुन बमोजिम तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्नु निर्वाचन आयोगको दायित्व रहेको स्मरण गरे।


## नाम परिवर्तन सम्बन्धि सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८२/०७/२५

साविकको सेवा मल्टिस्पेसियालिटी हेल्थ केयर एण्ड डाइग्नोष्टिक सेन्टर प्रा.लि.को मिति २०८२/०६/०९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनीको नाम परिवर्तन भई सेवा फेमिली हेल्थ केयर सेन्टर प्रा.लि. (Sewa Family Health Care Center Pvt.Ltd.) कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सेवा फेमिली हेल्थ केयर सेन्टर प्रा.लि.**
देवचुली-१५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)


## Panini Rural Municipality
### Office of the Rural Municipal Executive
**Durgaphant, Arghakhachi**

## Invitation for Sealed Quatation

**Notice No. 04 /Panini/Procurement/082-83**

First Date of publication : 2025/11/11 (B.S. 2082/07/25)

1. Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi invites only electronic bids from duly eligible and qualified registered bidders for the procurement of following Works under Sealed Quatation. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract ID. | Project Description | Estimated Amount (Excluding VAT & Contingency) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/SQ/Goods /05/082-83 | Supply and Delivery of medicine and surgical Equipment | NRs. 23,22,891.34 | NRs. 60,000.00 |
| Bid Document Fee : Rs 3,000.00. Last date of Bid Submission : 2025/11/26 12:00 Noon. | | | | |
| Bid Opening : 2025/11/26 1:00 PM . | | | | |

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd. Pokharathok, Arghakhachi | Panini Rural Municipality Office, Durgaphant, Arghakhachi | Ga.1.1 Aantarik Rajashwo Khata Panini 21504010000016 | Ga.3.1 Dharauti Khata Panini 21504010000009 |

2. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## Rambha Rural Municipality
### Office of Rural Executive, Pipaldada, Palpa
Lumbini, Province, Nepal

## NOTICE OF INVITATION FOR BIDS (E-BIDDING ONLY)

**(First Publication Date: 11-Nov-2025 (2082/07/25)**

1. Rambha Rural Municipality, office of Rural Municipal executive invites only electronic bids from eligible bidder's for the following works.

| Contract Identification No | Description of works | Estimated Amount Exclusive of VAT & Ps Items | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| RRM/NCB/Works/082/083-05 | Construction of Box Culvert at Gotameghat | NRs. 82,89,528.62 | NRs. 2,50,000/- | NRs.3,000/- |
| RRM/NCB/Works/082/083-06 | Construction of Infrastructure at Hungi Health Post | NRs. 17,49,924.54 | NRs.60,000/- | NRs.3,000/- |
| RRM/NCB/Works/082/083-07 | Construction of Residential Building at Ward No.: 1,2,4 and 5 | NRs. 24,33,211.1 | NRs.70,000/- | NRs.3,000/- |
| RRM/SQ/Works/082/083-08 | Construction of Ranatol Aamasamuha Bhawan | NRs. 11,13,935.3 | NRs.35,000/- | NRs.1,000/- |

2. Bidder may download the bidding Document and submit their bids electronically through www.bolpatra.gov.np/epg as specified in bid document.

**Chief Administrative Officer**
**Rambha Rural Municipality**

## Rurukshetra Rural Municipality
### Office Of The Rural Municipal Executive
**Ghiubensi, Gulmi**
**Lumbini Province**

## Invitation for Bids

Second Date of Publication: November 11th, 2025(2082/07/25)

Office of Rurukshetra Rural Municipality, Ghiubensi, Gulmi invites only electronic bids for the following goods under Sealed Quotation(SQ).

| S. No | Contract No./IFB No. | Estimated amount (Exclusive of VAT) NRS | Name of the Project& Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time Bid Opening | Bid /Bid Security Validity Period | Bid Security NRS |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ORRM-G-SQ-16-082/83(Re) | 9,02,630.57/- | Procurement of Ayurvedic Medicines | 1,000/- | November 27,2025 (2082/08/11) Before 12:00 hr | November 27, 2025 (2082/08/11 At 13:00 hr | 45/75 days | 30,000/- |

1. Bidders may download the bidding document for e-submission from PPMO websitewww.bolpatra.gov.np/egp.
2. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi
   Office Name: Rurukshetra Rural Municipality
   GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
   Revenue Code Number(Rajaswa Shrishak No): 14249 (Aanya Dastur)
   GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
4. The person, firm or company blacklisted as per Public Procurement Act-2063 with amendment, shall be inelegible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and PublicProcurement Regulation-2064 with amendment and other prevailing regulations.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
   Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

**Chief Administrative officer**


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



*कालीगण्डकीमा झोलुङ्गे पुल*
मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित कालीगण्डकी नदीमा हालै निर्माण गरिएको करिब ५७२ मिटर लामो झोलुङ्गे पुल र पृष्ठभूमिमा देखिएको धौलागिरि हिमाल।
तस्बिरः सुशीलबाबु थकाली / रासस

# तरकारीमा विषादी भेटिएपछि जफत गरी नष्ट



बजारमा विक्रीका लागि राखिएको काउलीमा विषादी अत्याधिक भेटिएपछि जफत गरेर नष्ट गरिएको छ।

**रामकुमार श्रेष्ठ**
*नवलपरासी*

नवलपुरको कावासोती २ स्थित कावासोती हाटबजारमा रहजरका किसान बन्चु मियाले विक्रीका लागि पठाएको काउलीमा ९८ दशमबल ८५ प्रतिशत विषादी भेटिएको हो।

सोमबार हाटबजारमा विक्रीका लागि ल्याइएको तरकारीहरुको विषादी चेकजाँचको क्रममा उनले उत्पादन गरेर बजारमा पठाएको काउलीमा उपभोक्ताले खानै नमिल्ने गरी विषादी पाइएपछि जफत गरिएको विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाई नवलपुरका नायव प्राविधिक सहायक विरेन्द्र भण्डारीले बताए।

सोमबार उनले बजारमा पठाएको १ सय ५१ किलो काउली बरामद गरी नष्ट गरिएको हो।

३५ प्रतिशत भन्दा कम विषादी देखिए मात्र उपभोग योग्य हुने विरेन्द्र भण्डारीले जानकारी दिए। त्यसैगरी केही दिन अघि रजहरकै अर्का किसान महमत अन्सुरले विक्रीका लागि बजार पठाएको काउलीमा पनि विषादी देखिएपछि नष्ट गरिएको थियो। उनले उत्पादन गरेको काउली आज परीक्षण गर्दा अझै ४१.४१ प्रतिशत विषादी देखिएपछि अझै केही दिन नटिप्न भनिएको उनले बताए।

यस अघि बजारमा बोडी र काँक्रोमा पनि विषादी भेटिएपछि नष्ट गरिएको थियो। कावासोतीमा एक बर्ष अघि विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाई स्थापना गरिएपछि बजारमा आएका तरकारीहरु विहान ६ बजे संकलन गरी ८ बजे भित्र रिपोर्ट आएपछि विषादी देखिएका तरकारीहरु जफत गरी नष्ट गर्ने गरिएको छ।

# बजेट खर्चको प्रतिशतमा लुम्बिनी पहिलो

बुटवल। चालु आर्थिक वर्ष पहिलो त्रैमास (साउन-असोज) सम्म संघीय सरकारले कुल १८.५६ प्रतिशत बजेट खर्च गरेको छ। यसमा विकास बजेट खर्चको अवस्था भने दयनीय छ।

संघीय सरकारको सोही प्रवृत्ति प्रदेश सरकारले समेत दोहोर्‍याइरहेको तथ्यांकमा देखिन्छ। असोजसम्म सबै प्रदेशको बजेट खर्च न्यून देखिन्छ। त्यसमा पनि विकास बजेट दयनीय अवस्थामा छ।

सबैजसो प्रदेश सरकारले अघिल्ला आवदेखि नै यस्तै प्रवृत्ति देखाइरहेका छन्। तर, यसपालि भने संघ र प्रदेश दुवै तहका सरकारले जेनजी आन्दोलन र राजनीतिक अस्थिरतालाई दोष दिने ठाउँ पाएका छन्।

गत आव २०८१/८२ मा प्रदेश सरकारहरूको वार्षिक बजेट खर्च औसत ७३ प्रतिशतमात्र थियो। जसमा सबैभन्दा धेरै कोशीले ७७ प्रतिशत र सबैभन्दा कम कर्णालीले ६४ प्रतिशत खर्च गरेका थिए।

यद्दपि, प्रदेश सरकारका धेरै खर्च असारमा हुने गरेको छ। तथ्यांक अनुसार सुदूरपश्चिम सरकारले आधा हाराहारी बजेट असारमा खर्च गरेको थियो। असारे विकास प्रवृत्ति संघदेखि प्रदेश सरकारसम्म पुग्दा पहिलो र दोस्रो त्रैमासमा हरेक सरकारको खर्च कमजोर देखिने गरेको छ।

अर्थ मन्त्रालयका अनुसार पछिल्लो ५ वर्षयता विकास बजेटको औसत ३४.७९ प्रतिशत असारमा खर्च हुने गरेको छ। अन्तिम त्रैमास (वैशाख-असार) मा विकास खर्चको ५३.८ प्रतिशत खर्च भएको तथ्यांक छ।

पहिलो त्रैमासमा कोशी प्रदेश सरकारले कुल बजेट खर्च ७.९० प्रतिशतमात्र गर्न सकेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्यांक अनुसार कोशीले यस वर्ष ३५ अर्ब ७७ करोड ९८ लाख बराबर बजेट कार्यान्वयन गरिरहेको छ।

पहिलो त्रैमाससम्म २ अर्ब ८२ करोड ५५ लाख बराबर बजेट खर्च गरेको छ। यो लक्ष्यको ७.९० प्रतिशत हाराहारी हो। यस अवधिसम्म चालु खर्च १ अर्ब २९ करोड भएको छ, जुन लक्ष्यको ९.०३ प्रतिशतमात्र हो।

यस्तै पूँजीगत खर्च ६८ लाख रुपैयाँमात्र भएको छ। जुन वार्षिक लक्ष्यको ४.०२ प्रतिशतमात्र हो। यस अवधिमा प्रदेशले राजस्व बाँडफाँट र आन्तरिक राजस्वमार्फत ३ अर्ब ८ करोड रुपैयाँ आम्दानी गरेको छ। जुन लक्ष्यको १६.९ प्रतिशत हो।

यस प्रदेशले संघीय अनुदान ३ अर्ब ५३ करोड रुपैयाँ प्राप्त गरेको छ। यसरी तीन महिनामा प्रदेशको कुल प्राप्ति ६ अर्ब ६१ करोड रुपैयाँ भएको देखिन्छ। जुन कुल अनुमानको २०.२ प्रतिशत हो।

मधेश प्रदेशले पहिलो त्रैमासिक अवधिमा कुल बजेटको साढे ३ प्रतिशत हाराहारी मात्र खर्च गर्न सकेको तथ्यांक छ। मधेशले यस वर्ष ४६ अर्ब ९८ करोड बराबर बजेट ल्याएको छ। यसमध्ये असोज मान्तसम्म १ अर्ब ६४ करोडमात्र खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांक छ। यो कुल विनियोजित बजेटको ३.५ प्रतिशतमात्र हुन आउँछ।

यस अवधिमा राजस्व संकलन भने २ अर्ब ४२ करोड ६४ लाख बराबर छ। मधेश सरकारले यस वर्ष १६ अर्ब ७२ करोड चालु खर्चको लक्ष्य राखेको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार असोजसम्म १ अर्ब २८ करोड खर्च भएको छ। ३० अर्ब २६ करोड पूँजीगत बजेट विनियोजन गरिएकोमा ३५ करोड ८५ लाखमात्र खर्च भएको तथ्यांक छ। यो प्रदेश राजनीतिक रूपमा अहिले अस्थिर छ। जसले गर्दा बजेट खर्चसमेत प्रभावित बनिरहेको छ।

बागमती प्रदेशले यस वर्ष ६७ अर्ब ४७ अर्ब रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ। तर, पहिलो त्रैमासमा लक्ष्यको ६.१९ प्रतिशतमात्र खर्च गर्न सकेको आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्यांकमा देखिन्छ।

यस वर्ष असोजसम्म बागमतीले ४ अर्ब १७ करोड ९१ लाख बराबर बजेट खर्च गर्न सकेको छ। आम्दानीतफ७ अर्ब ६४ करोड ५० लाख छ। यो कुल प्राप्ति अनुमानको ११.३३ प्रतिशत हो।

यस वर्ष आन्तरिक आम्दानी भने ४ अर्ब ७७ करोडको अनुमान गरिएकोमा ८७ करोडमात्र संकलन भएको छ। जुन लक्ष्यको १८.२३ प्रतिशत हो।

बागमतीमा सबैभन्दा धेरै बजेट लोकसेवा आयोगले गरेको देखिन्छ। विकासे मन्त्रालयका बजेट खर्च यहाँ दयनीय अवस्थामा छ। प्रदेश सरकारले जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त हुँदा बजेट कार्यान्वयन भइरहेको जनाको छ।

गण्डकी प्रदेशले यस वर्ष ३१ अर्ब ९७ करोड बराबरको बजेट कार्यान्वयन गरिरहेको छ। यो प्रदेशले २० कात्तिकसम्मको आर्थिक विवरण सार्वजनिक गरेको छ। जस अनुसार २ अर्ब ६५ करोडमात्र खर्च भएको छ। जुन लक्ष्यको ८.३१ प्रतिशत हो।

गण्डकीले एक वर्षमा १२ अर्ब ६३ करोड चालु खर्च र १९ अर्ब ९ करोड पूँजीगत खर्चको लक्ष्य राखेको थियो। २० कात्तिकसम्म १ अर्ब १२ करोड चालु खर्च भएको छ। जुन लक्ष्यको ९.९२ प्रतिशत हो। पूँजीगत खर्च १ अर्ब ५२ करोड अर्थात् लक्ष्यको ८.०१ प्रतिशत भएको छ।

उता, प्रदेश सरकारले ४ अर्ब ५४ करोड रुपैयाँ बराबर आम्दानी गरेको छ। जुन लक्ष्यको १४.१२ प्रतिशत हो। जसमा केन्द्र सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँटको रकम समेत समावेश छ।

प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीका अनुसार लुम्बिनी प्रदेशले यस वर्ष ३८ अर्ब ९१ करोड रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ। असोज मसान्तसम्म ३ अर्ब ६३ करोड बराबर खर्च गरेको छ। जुन लक्ष्यको ९.३५ प्रतिशत हो।

यस वर्ष चालु खर्च १५ अर्ब ४३ करोडको लक्ष्य थियो। खर्च १ अर्ब ९४ करोड बराबर भएको छ। २३ अर्ब ४७ करोड पूँजीगत खर्च गर्ने लक्ष्य राखिएकोमा १ अर्ब ६९ करोड बराबर भएको छ। जुन लक्ष्यको ७.२३ प्रतिशत हो।

प्रदेश लेखा नियन्त्रक कार्यालय कर्णालीका अनुसार कर्णालीले यस वर्ष ३२ अर्ब ९९ करोडको बजेट ल्याएको छ। असोजसम्म यस प्रदेशले १ अर्ब ९५ करोडमात्र खर्च गर्न सकेको छ। यो कुल विनियोजनको ५.९३ प्रतिशत मात्र हो।

चालुतर्फ १ अर्ब ३९ करोड र पूँजीगत खर्च ५६ करोड बराबर भएको छ। यस अवधिमा कर्णालीले चालु बजेट लक्ष्यको ११.२२ प्रतिशत र पूँजीगत खर्च २.८२ प्रतिशतमात्र गर्न सकेको देखिन्छ।

सुदूरपश्चिम प्रदेशले यस वर्ष ३३ अर्ब ३६ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ। असोज मसान्तसम्म १ अर्ब ३८ करोडमात्र भएको भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। जुन ४ प्रतिशत मात्र हुन आउँछ।

यस अवधिमा चालु खर्च १३ अर्ब ५२ करोड विनियोजन भएकोमा १ अर्ब १८ करोडमात्र भएको छ। जुन ९ प्रतिशतमात्र हो। पूँजीगत बजेट १९ अर्ब ८२ करोड विनियोजन भएकोमा १९ करोड ८० लाखमात्र खर्च भएको छ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# विदेशमा रहेका नेपालीलाई मताधिकार दिइने



बुटवल। पूर्वप्रमुख निर्वाचन आयुक्तहरूले विदेशमा रहेका नेपालीलाई मताधिकार दिने गरी अगाडि बढ्न सुझाएका छन्।

निर्वाचन आयोगका अधिकारीहरूसँग भएको छलफलमा उनीहरूले यस्तो सुझाव दिएका हुन्।

सोमबार निर्वाचन आयोगका पूर्वप्रमुख निर्वाचन आयुक्त, पूर्वनिर्वाचन आयुक्त एवम् पूर्वसचिवहरू र निर्वाचन आयोगका पदाधिकारीहरूबीच छलफल भएको थियो।

छलफलमा निर्वाचन आयोगका पूर्वप्रमुख निर्वाचन आयुक्तद्वय सूर्यप्रसाद श्रेष्ठ र नीलकण्ठ उप्रेती, पूर्व कार्यवाहक प्रमुख निर्वाचन आयुक्त दोलखबहादुर गुरुङ र पूर्वनिर्वाचन आयुक्त डा. रामभक्त पीबी ठाकुर थिए। निर्वाचन आयोगका पूर्व सचिवहरू मधुप्रसाद रेग्मी, रविलाल पन्थ, सुरेश अधिकारी र भरतमणि सुवेदीको पनि सहभागिता रहेको थियो।

जहाँ विदेशमा रहेका नेपालीलाई मताधिकार दिने विषय उठेको थियो। पूर्वप्रमुख निर्वाचन आयुक्तहरूले विदेशमा रहेका नेपालीलाई मताधिकार दिनुपर्ने बताए। बरु २१ फागुनको चुनाव सारेर वैशाखमा निर्वाचन गर्न सकिने उल्लेख गर्दै उनीहरूले विदेशमा रहेका नेपालीलाई मताधिकार भने दिनुपर्ने बताए। विदेशमा रहेकालाई भोटिङ अधिकार दिन अनलाइन भोटिङमा जानुपर्ने पनि उनीहरूको सुझाव छ।

छलफलमा निर्वाचन आयोगका तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने तोकिएको समयमा निर्वाचन सम्पन्न गराउन आयोग प्रतिबद्ध रहेको बताए।

साथै उनले युवा पुस्ताको आन्दोलनको माग बमोजिम सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि आधार तयार गर्ने तथा राजनीतिक दलहरूको माग बमोजिम जनप्रतिनिधिमूलक शासन कायम गर्ने उपाय नै स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन भएको धारणा राखे। नेपालको संविधान र मौजुदा कानुन बमोजिम तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्नु निर्वाचन आयोगको दायित्व रहेको स्मरण गरे।

# ‘अपाङ्गता भएका महिलाहरूलाई सहजरूपमा न्याय दिन न्यायिक निकायको व्यवहार बदलिनुपर्छ’

बुवल। अपाङ्गता भएका महिलाहरूको न्यायको पहुँचलाई सहज बनाउन न्यायिक निकायहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्ने एक अध्ययन प्रतिवेदनले देखाएको छ।

‘एक्सेस प्लानेट’द्वारा अनुसन्धान गरिएको ‘किनाराका आवाजहरू : नेपालमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचको स्थिति अनुसन्धान’ मा २०० सहभागीमध्ये ९५ जनाले न्यायिक निकायहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्ने र ती निकायहरू भौतिक रूपमा पहुँचयुक्त हुनुपर्नेमा जोड दिएको छ।

गण्डकी, कर्णाली, कोशी र मधेश गरी चारवटा प्रदेशमामा गरिएको अध्ययनले अपाङ्गता भएका महिलाहरूको न्याय प्रणालीमा पहुँचको सम्बन्धमा रहेका अनुभवको खोजी गरेको छ।

राष्ट्रिय महिला आयोगको आयोजना र ‘एक्सेस प्लानेट’को व्यवस्थापन तथा सहकार्यमा ‘अपाङ्गता भएका किशोरी र महिलामैत्री न्याय प्रवर्द्धनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया’ मा मुख्य अनुसन्धान परामर्शदाता डा नीति अर्याल खनालले अपाङ्गता भएका महिलाको न्यायिक पहुँचको स्थिति हेर्दा जटिल देखिएको र न्यायिक निकायको पहुँचको वातावरण बढाउनुपर्ने धारणा राखे। उनले-भने- “अपाङ्गता भएका महिलाले न्यायिक प्रक्रियामा समान हिसाबले सहभागी हुन पाउनुपर्छ। नेपालको न्याय, संरचना, सेवा, नीति सबै सपाङ्ग व्यक्तिको अनुभवको आधारमा बनाइएको छ। अपाङ्गता भएकाहरूको अनुभवको आधार र आवश्यकता नै बिना ती निर्माण गरिएको छ। त्यसलाई ट्रान्सफर्म गर्न धेरै काम गर्नुपर्ने देखिन्छ।”

अध्ययन प्रतिवेदनले एक चौथाइभन्दा बढी (२७.५) प्रतिशत सहभागीहरूलाई न्याय प्रणालीको कुनै पनि सेवाबारे ज्ञान नभएको देखाएको छ। यसैगरी चारवटै प्रदेशका सहभागीमध्ये अधिकांश (१५८) जनाले जीवनमा हिंसा भोगेको बताएका छन्। हिंसा भोगेको बताउने सहभागीले आफूले भोगेको अन्यायका लागि न्याय नखोजेको बताएका छन्। केवल ३६ प्रतिशत महिलाहरूले मात्र न्याय खोजेका छन्।

अध्ययनले अपाङ्गता परिचयपत्र वितरण सजिलो र प्रभावकारी बनाउने, नीति कार्यान्वयन र पैरवी प्रभावलाई सुदृढ बनाउने एवं अपाङ्गता समावेश सुरक्षित आवासगृहमा लगानी गर्नेमा बढी जोड दिनुपर्ने सिफारिस गरेको छ।

एक्सेस प्लानेटकी कार्यकारी निर्देशक लक्ष्मी नेपालले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राख्छौं भन्ने तर उनीहरूबारे पर्याप्त मात्रामा अध्ययन नै हुन नसकेको धारणा राख्नुभयो। उनले भने-“तथ्याङ्क नै छैन भने उनीहरूका लागि कसरी काम गर्ने त ? अपाङ्गताको विविधिताको बुझाइबारे पनि सरोकारवाला निकायहरूलाई नै संवेदनशील बनाउन आवश्यक देखिन्छ।”

कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरू विभेदीकरणको सिकार भइरहेको र न्यायम सहज पहुँच स्थापित हुन नसकेको धारणा व्यक्त गरे।


पाल्हीनन्दन गाउँपालिकाको अनुरोध

डेंगी रोगबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाइबाट हुने डेंगी रोगका बिरामीहरु नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरु अपनाऔं।

- पूरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने साँझ र विहान करेसाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने।

अनुरोधक
पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com